# नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना

**सूचना प्रकाशित मितिः २०८२।१२।२३**

### वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न इच्छुक स्वास्थ्य संस्थाहरुको सूचीकरणको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२ को उपदफा (१) मा "वैदेशिक रोजगारका लागि जाने कामदारले विदेश जानुअघि नेपाल सरकारबाट स्वीकृतिप्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराउनु पर्नेछ।" र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५क. को उपनियम (९) मा "नेपाल सरकारले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण नेपाल सरकारको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाबाट गराउन यस नियममा भएको व्यवस्थाले बाधा पुगेको मानिने छैन।" भन्ने व्यवस्था रहेको साथै यस मन्त्रालयको मिति २०८२।१२।१७ को मन्त्रिस्तरबाट भएको निर्णय कार्यान्वयनका लागि वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न इच्छुक नेपाल सरकारबाट स्वीकृति प्राप्त वा नेपाल सरकारको स्वामित्वमा रहेको स्वास्थ्य संस्थाले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ को दफा ३ को व्यवस्था बमोजिम यस मन्त्रालयमा सूचीकरणको लागि सूचना प्रकाशन भएको मितिले दश दिनभित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**निजि स्वास्थ्य संस्थाको सम्बन्धमा सूचीकरणको लागि निवेदन साथ नोटरी पब्लिकबाट प्रमाणित भएका देहायका कागजात र विवरणहरु पेश गर्नु पर्नेः**

(क) स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट प्राप्त सञ्चालन स्वीकृति प्रमाणपत्रको प्रतिलिपि,

(ख) सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) संस्थाको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(च) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन प्रतिलिपि,

(छ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ज) संस्थाको नाम, ठेगाना, इमेल, फोन नं, तथा सञ्चालकको नाम, थर सहितको मोबाइल नम्बर खुलेको पत्र,

(झ) जनशक्तिको विवरण (प्याथोलोजिष्ट, नर्स, रेडियोलोजिष्ट, जनरल मेडिकल डाक्टर समेत अन्य कर्मचारी)

(ञ) घर भाडामा लिई संस्था सञ्चालन गरिएको भए कम्तिमा दुई वर्षका लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,

(ट) अनुसूची- १ मा उल्लेखित मापदण्ड पूरा गरिएको छ भन्ने संस्थाले स्वयम् घोषणा गरेको पत्र,

(ठ) निवेदन दिने समयसम्म कम्तीमा तीन हजार जना बिरामी परीक्षण गरेको र छ महिनासम्म सञ्चालन भएको प्रमाणित कागजात,

(ज) सञ्चालक समितिको निर्णय।

**<u>सरकारी स्वामित्व रहेको स्वास्थ्य संस्थाको सम्बन्धमा सूचीकरणको लागि निवेदन साथ नोटरी पब्लिकबाट प्रमाणित भएका देहायका कागजात र विवरणहरु पेश गर्नु पर्नेः</u>**

(क) स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट प्राप्त सञ्चालन स्वीकृति प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको नाम, ठेगाना, इमेल, फोन नं र अस्पताल सञ्चालक समितिको निर्णय,

(ग) निवेदन दिने समयसम्म कम्तीमा तीन हजार जना बिरामी परीक्षण गरेको र छ महिनासम्म सञ्चालन भएको प्रमाणित कागजात,

(घ) अनुसूची- १ मा उल्लेखित मापदण्ड पूरा गरिएको छ भन्ने संस्थाले स्वयम् घोषणा गरेको पत्र।